JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत १२ गते बिहीबार ❑ 25 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## योजनाविना गरिएका विकास परिणाममुखी हुँदैनन् : मुख्यमन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
**दमौली, ११ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले योजना विना गरिएका विकास परिणाममुखी नहुने भएकाले योजना बनाएर मात्रै काम गर्न आग्रह गरेका छन् ।

तनहुँको बन्दीपुर गाउँपालिकाको २० वर्षीय एकीकृत विकास गुरुयोजनाको बुधबार सार्वजनिक गर्दै उनले योजना र अध्ययनविना अन्धाधुन्ध गरिने कामले आर्थिक स्रोतको मात्रै नोक्सानी गर्ने बताए ।

मुख्यमन्त्री गुरुङले आवधिक योजना निर्माण गरेर अगाडि बढ्न सबै स्थानीय तहलाई अनुरोध गरे पनि केहीले मात्र उक्त काम गरेको बताए । 'गण्डकी प्रदेशका ८५ मध्ये १९ स्थानीय तहले मात्रै आवधिक योजना बनाएका रहेछन्, सबै पालिकालाई आवधिक योजना बनाएर विकास निर्माणका काम गर्न अनुरोध गरेका छौँ', उनले भने, 'योजनाविना गरिएका कामले सार्थक परिणाम दिँदैन ।' मुख्यमन्त्री गुरुङले गुरुयोजना बनाएर मात्र नहुने बरु त्यसको सही कार्यान्वयनमा जोड दिनुपर्ने उल्लेख गरे । तीन तहको सरकारबीच समन्वय र सहकार्यले मात्र मुलुक समृद्धिको बाटोमा हिँड्न सक्ने उल्लेख गर्दै उनले स्रोत साधनको पहिचान गरेर बन्दीपुर गाउँपालिकाले गण्डकी प्रदेशको समृद्धिमा महत्वपूर्ण योगदान दिनसक्ने बताए ।

गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले बन्दीपुरले विकासको गोरेटे कोरेको बताउँदै अब आउने जनप्रतिनिधिले पनि त्यही बाटो समात्नुपर्नेमा जोड दिए । भौतिक पूर्वाधारसँगै सामाजिक, आर्थिक, सांस्कृतिक पक्षको विकासलाई प्राथमिकतामा दिनुपर्ने उनको भनाइ थियो ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा गिरीधारी शर्माले पर्यटनलाई उत्पादनसँग जोडेर अगाडि बढ्नुपर्ने बताउँदै गुरुयोजना निर्माण समितिका संयोजक हेमराज लामिछानेलेबन्दीपुरघरभईकाठमाडौँ, चितवनलगायत अन्यत्र बस्ने व्यक्तिसँग पनि सुझाव संकलन गरी गुरुयोजना बनाइएको जानकारी दिए ।

गाउँपालिकाले निर्माण गरेको गुरुयोजनाले पर्यटन, कृषि तथा पशुपक्षीजन्य, लघुउद्यम, भौतिक पूर्वाधार र सांस्कृतिक सम्पदाको संरक्षणलाई एकीकृत गर्दै समृद्ध बन्दीपुर र सुखी बन्दीपुरवासीको परिकल्पना गरेको अध्यक्ष पूर्णसिं थापाले जानकारी दिए । गाउँपालिकाले समग्र बन्दीपुरको विकासको सम्भावना पर्यटन व्यवसायबाट हुने विश्वास लिएको बताउँदै उनले पर्यटनलाई कृषि र जीविकोपार्जनका अन्य व्यवसायसँग एकीकृत गर्न खोजिएको उल्लेख गरे ।

बन्दीपुरको प्राकृतिक सौन्दर्य र उर्भरा भूमिमा परिश्रमी र न्यायप्रेमी जनताको मेहनत थप समाहित हुँदा दिगो आर्थिक विकाससहितको समृद्धि हासिल गर्न सकिने गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङले बताए ।

## वालिङ सर्वोत्कृष्ट नगरपालिका

**पोखरापत्र संवाददाता**
**वालिङ, ११ चैत**

स्मार्ट सिटीका रुपमा घोषित भई कार्यान्वयनको चरणमा रहेको स्याङ्जाको वालिङ नगरपालिका देशकै सर्वोत्कृष्ट भई पुरस्कृत भएको छ ।

शहरी योजना, वातावरण, विपद् जोखिम व्यवस्थापन र उत्थानशीलतामा वालिङ नगरपालिका देशकै सर्वोत्कृष्ट नगर घोषित भएको हो । नेपाल नगरपालिका सङ्घको २८ औँ वार्षिकोत्सवका अवसरमा बुधबार काठमाडौँमा आयोजित एक समारोहमा प्रधानमन्त्री केपी शर्मा ओलीले वालिङ नगरपालिकाका प्रमुख दिलीपप्रताप खाँणलाई सर्वोत्कृष्ट नगरपालिकाको पुरस्कार प्रदान गरेका हुन् ।

सर्वोत्कृष्ट नगरपालिका घोषणा भएसँगै प्रमुख खाँणले आगामी दिनमा काम गर्नका लागि थप ऊर्जा तथा प्रेरणा मिलेको प्रतिक्रिया दिए । "वालिङ नगरपालिका नेपाल नगरपालिका सङ्घ, विभिन्न दातृ निकायसँग हातेमालो गर्दै विकासको गतिमा अगाडि बढिरहेको छ", उनले भने, "हामीले गरेको कार्य देशभरकै सर्वोत्कृष्ट रहेको भनी मूल्याङ्कन गर्नुहुने मूल्याङ्कनकर्ताप्रति नगरपालिकाको तर्फबाट आभार व्यक्त गर्दछु ।" नगरपालिका सर्वोत्कृष्ट घोषित भएसँगै आगामी वर्षहरुमा थप बजेट विनियोजन भएर आउने नगर प्रमुख खाँणले बताए । वालिङ नगरपालिकाले शहरी विकासका क्षेत्रमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना निर्माण गरी विगत दुई वर्षदेखि कार्यान्वयनका चरणमा रहेको नगरपालिकाका उपप्रमुख कल्पना तिवारीले बताइन । नगरपालिकाले यहाँका नागरिकलाई विपद्जन्य जोखिमका कारण हुनसक्ने सम्भावित घटनालाई मध्यनजर गर्दै नागरिकको सुरक्षाका लागि निरन्तर कार्य गर्दै आइरहेको र वर्षायाममा जोखिम सम्भावित बस्तीका नागरिकलाई नजिकैको विद्यालयमा स्थानान्तरण गर्ने कार्य गरिएको उनले बताइन । पहिरोका कारण विस्थापित परिवारकालागि स्थानीय तहमै व्यवस्थापनका लागि समिति गठन गरी व्यवस्थापनमा नगरपालिका रहेको उहाँको भनाइ थियो । यसअघि वालिङ नगरपालिका नेपाल नगरपालिका सङ्घको २३ औँ स्थापना दिवसका अवसरमा देशभरका २१७ नगरपालिकामध्ये सर्वोत्कृष्ट घोषित भई रु एक लाखको पुरस्कार प्राप्त गरेको थियो । नगरपालिकाले उत्कृष्ट सेवा प्रवाह, शहरी योजना, सुशासन, फोहोरमैला व्यवस्थापनलगायतका विषयवस्तुलाई मूल्याङ्कन गर्दै वालिङ सर्वोत्कृष्ट बन्न सफल भएको थियो । यसअघि सङ्घीय तथा स्थानीय विकास मन्त्रालयले २०७४ सालमा देशभरका पालिकामध्ये सर्वोत्कृष्ट सफा नगरको रुपमा वालिङलाई पुरस्कृत गरेको थियो । नेपाल नगरपालिका संघले

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## विद्यार्थीको पढाइको अवस्थाबारे जानकारी

**पोखरापत्र संवाददाता**
**दमौली, ११ चैत**

प्रधानमन्त्री केपी शर्मा ओलीले तनहुँको शुक्लागण्डकी नगरपालिका-६ स्थित खैरेनी माध्यमिक विद्यालयका विद्यार्थीलाई राम्रो पढ्न सुझाव दिएका छन् ।

खैरेनी माध्यमिक विद्यालयका विद्यार्थीसँग बुधबार भर्चुअल कुराकानी गर्दै प्रधानमन्त्री ओलीले विद्यार्थीको पढाइको अवस्थाबारे जानकारी लिँदै राम्रोसँग पढ्न सुझाव दिएका हुन् । पढाइ कस्तो छ भनेर प्रधानमन्त्री ओलीले सोध्दा विद्यार्थीहरुले राम्रो छ भनेका थिए । त्यसलगत्तै प्रधानमन्त्री ओलीले भने, 'राम्रोसँग पढ्नुहोला ।' प्रधानमन्त्री ओलीले विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीसँग भर्चुअल माध्यमबाट कुराकानी गर्नुभएको विद्यालयका प्रधानाध्यापक केशवराज घिमिरेले जानकारी दिए । कोभिड महामारीको बेलामा विद्यार्थीले अनलाइनबाट कसरी अध्ययन गरेका थिए भन्ने विषयमा प्रधानमन्त्री ओलीले चासो व्यक्त गरेका थिए । 'अनलाइनबाट अध्ययन गर्दा कतिको प्रभावकारी भयो भन्ने विषयमा प्रधानमन्त्री ओलीले विद्यार्थीसँग कुराकानी गर्नुभयो,' प्रधानाध्यापक घिमिरेले भने । विद्यालयले पाँच महिना अगाडिबाट 'फ्युज क्लासरुम' बाट अध्यापन गराउँदै आएको थियो । 'फ्युज क्लासरुम' बाटै विद्यालयले परीक्षा लिने, गृहकार्य दिनेलगायतका काम गरेको थियो ।

सो अवसरमा फ्युज मेसिनका नेपाल प्रमुख पराग श्रेष्ठले प्रधानमन्त्रीलाई यसबाट पढ्न गर्नुपर्ने प्रयोगको बारेमा जानकारी गराएका थिए ।

## कोरोना संक्रमण भयावह हुन नदिन सचेत हुनुपर्छ : प्रधानमन्त्री ओली

**रासस**
**काठमाडौं, ११ चैत**

प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड-१९ को सङ्क्रमण भयावह हुन नदिन सचेत हुनुपर्ने बताएका छन् ।

कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रबाट प्रकाशित नेपालमा कोभिड-१९ महामारी र प्रतिकार्य प्रतिवेदन सार्वजनिकीकरण कार्यक्रममा उनले भने, "कोभिड-१९ को सङ्क्रमण नकारात्मकतातिर जाने लक्षण देखिएको भन्दै भयावह हुन नदिन सचेत हुनुपर्छ ।" यद्यपि अहिले भयावहको स्थिति नभएको उनले बताए । प्रधानमन्त्री ओलीले खोप लगाएर कोभिड-१९ को सङ्क्रमण निर्मूल पार्न सजिलो नभएको भन्दै पूर्ण नियन्त्रण नहुञ्जेलसम्म सामाजिक दूरी कायम राख्नुपर्ने बताए । उनले भने, "तीन दिनदेखि लक्षण फेरि नकारात्मकतातिर जान खोजेको जस्तो देखिन्छ, यद्यपि स्थिति भयावह छैन तर भयावह हुन नपाओस् भनेर हुनुभन्दा अगाडि नै हामीले ध्यान दिनुपर्दछ ।"

उनले अन्य देशको तुलनामा नेपालमा कोभिड-१९ सङ्क्रमणको असर कम परेको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## मध्य पहाडी लोकमार्गको कास्कीको मादीमा काम शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**



राष्ट्रिय गौरवको आयोजना अन्तर्गतको पुष्पलाल मध्य पहाडी लोकमार्ग खण्डको मादी गाउँपालिकामा काम थालिएको छ ।

गाउँपालिकाका बिभिन्न तीन स्थानमा डोजरको प्रयोग गर्दै रुदी दोभान,काम शुरु गरिएको आयोजना प्रमुख मेघराज मर्सानीले जानकारी दिए । मादी गाउँपालिका खण्डमा कूल १६ किलोमिटर दुरी रहने बताउँदै उहाँले लोकमार्ग अन्तर्गतका बिभिन्न ठाउँमा कामहरु तिब्ररुपमा अघि बढेको उल्लेख गरे । उनका अनुसार लोकमार्गको कास्की, बागलुङ र पर्वतको कूल २४५ किलोमिटर मध्य ८० प्रतिशत काम सम्पन्न भई सकेको छ ।

यस खण्डको बिभिन्न १२ ठाउँबाट काम भइरहेको उनले जानकारी दिए । मध्य पहाडी क्षेत्रका सर्वसाधारको भाग्य र भविष्यमा महत्वपूर्ण भूमिका खेल्ने ठानीएको लोकमार्गको काम थालिएसंगै मादी र आसपासका स्थानीयमा खुशी छाएको जिल्ला समन्वय समिति कास्कीका सदस्य बृहस्पति सापकोटाले जानकारी दिए ।

## मादीका सातवटा वडामा सुविधा सम्पन्न कार्यालय भवन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**




कास्की जिल्लाको मादी गाउँपालिकाका बिभिन्न सात वटा वडामा सुविधा सम्पन्न कार्यालय भवन निर्माण गरिएको छ ।

कोरोना भाइरस (कोभिड-१९) कारण मुलुकमा भएको बन्दाबन्दीका बाबजुद पनि स्वास्थ्य सुरक्षा अप्नाएर सात वटा वडामा नयाँ कार्यालय भवन निर्माण गरिएको हो । जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैन बहादुर क्षेत्रको संयोजकत्वमा समन्वयका उपप्रमुख सावित्री भण्डारी, सदस्यहरु, समन्वय अधिकारी नवराज बराल, प्राविधिक, संचारकर्मी सहितको टोलीले बुधबार वडा नं. ८ र ९ को नवनिर्मित कार्यालय भवनको स्थलगत अनुगमन गरेको हो ।

जिल्ला समन्वय समिति कास्कीको ६० प्रतिशत एवम् गाउँपालिकाको ४० प्रतिशतको साझेदारीमा कूल पाँच करोड १७ लाख ७२ हजार ५०९ रुपैयाको लागतमा सात वटा वडा कार्यालय भवन निर्माण गरिएको बताइएको छ । जिल्ला समन्वय समिति कास्कीको मौजुदा कोषको ३ करोड ९ लाख ६३ हजार ५०४ र गाउँपालिकाको २ करोड ७० लाख ९ हजार र १० लाख रुपैयाको लागतमा नयाँ भवन निर्माण गरिएको प्रमुख क्षेत्रीले जानकारी दिए । उनका अनुसार पहिलो तल्लामा पाँच कोठा पक्कि र दोश्रो तल्लामा ट्रष्ट सभा हल सहितको दुई तल्ले चिटिक्क परेका एउटै मोडलमा निर्माण गरिएका भवनमध्ये वडा नं. ४, ५, ८, ९ र १२ का सम्पन्न भई नयाँ कार्यालयबाट वडावासीलाई सेवा प्रदान गरिएको छ भने वडा नं. ६ र ७ का भवन निर्माणको अन्तिम चरणमा पुगेका छन् । १, २, १० र ११ को भने साविकको गाविस भवनबाट सेवा प्रदान गर्दै आएका छन् । साझेदारी कार्यक्रम अनुसार पालिकाको वडा नं. ४ को ७० लाख १६ हजार ६१८ , ५ को ६७ लाख ३६ हजार ५९०।-, ६ को ९३ लाख ८१ हजार ६४४, (७) को ७० लाख २६ हजार ८७६, (८) को ७२ लाख ३० हजार ३४२, (९) को ७२ लाख तीन हजार ६७२ र (१२) को ६९ लाख ७६ हजार ७०७ रुपैयाको लागतमा निर्माण गरिएको हो । टोलीले मादी गाउँपालिकामा संघ, प्रदेश र स्थानीय तहबाट भई रहेका सडक तथा निर्माणधीन इदीखोला, वार्दीखोला , मकैखोला र मादीनदी माथिको धुम्ले पुलको निर्माण अवस्था र गुणस्तरको बारेमा जानकारी लिएको थियो ।

सो अवसरमा समन्वय प्रमुख क्षेत्रीले तोकिएको समय र गुणस्तरीय विकास निर्माणमा कुनै पनि सम्झौता नहुने बताउँदै अनुगमनले विकास निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

अनुगमनका क्रममा निर्माणमा देखिएका कमी कमजोरीलाई नसच्याएसम्म निर्माण व्यवसायीलाई पुरा रकम भुक्तानी दिन नसकिने समन्वय प्रमुख नवराज बरालले बताए । सेवाग्राहीलाई सुविधा दिने कुराका कर्मचारी वर्ग जिम्मेवार हुनु पर्नेमा उनको जोड थियो ।



# प्रभु इन्स्योरेन्स आहा राराको फिसियल इन्स्योरेन्स पार्टनर

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**



१९ औं संस्करणको आहा! रारा गोल्ड कप फुटबल प्रतियोगिताको अफिसियल इन्स्योरेन्स पार्टनरको रुपमा प्रभु इन्स्योरेन्स कम्पनी रहेको छ।

कम्पनी र सहारा क्लव बिच बुधबार सम्झौता पत्रमा हस्ताक्षर भएसंगै आहा राराको अफिसियल इन्स्योरेन्स पार्टनरको रुपमा प्रभु इन्स्योरेन्स रहेको हो । क्लवका अध्यक्ष केशव बहादुर थापा, पूर्व अध्यक्ष विक्रम थकाली, निवर्तमान अध्यक्ष विरभद्र आचार्य र प्रभु इन्स्योरेन्स कम्पनी गण्डकी प्रदेशका प्रमुख रविन्द्र श्रेष्ठ बिच सम्झौता पत्र एक आपसमा आदान प्रदान भएको क्लवले जनाएको छ। प्रभु इन्स्योरेन्सले आहा रारामा सहभागि खेलाडी एवं अफिसियलको दुर्घटना बिमा गराउने भएको हो। पोखरा रंगशालामा यही चैत २१ गते देखि चैत २८ गतेसम्म आहा! रारा गोल्ड कप फुटबल प्रतियोगिता २०७७ हुने भएको छ । प्रतियोगितामा विदेशी एक क्यामरुनको अफ्रिकन रुट एसोएसन, डउला, ६ वटा नेपालका ए डिभिजनका क्लव र आयोजक सहारा क्लव सहित ८ टोलीको सहभागिता रहेको छ । "आत्मा साँक्षी राखि मन, वचन र कर्मले समाजिक सेवा गरौं" भन्ने उद्येश्यका साथ वि. स. २०५५ सालमा पोखराको पुरानो बसपार्कमा स्थापित यस सहारा क्लब पोखराले आयोजन गर्ने प्रतियोगिताबाट बचत रकम सहारा एकेडेमीमा रहेका १४ जिल्लाका २४ जना वालकहरुको भरणपोषणमा खर्च गर्दै आएको क्लवले जनाएको छ।

# फुटसलको सेमिफाईनलमा 'टिम डुङ्गा, ढुकु फुटसल, फड्की बिन्स र शंखमुल' प्रवेश

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**



पोखरामा जारी राजन प्रिजेन्टस् 'प्रथम खुल्ला फुटसल प्रतियोगिताको सेमिफाईनलमा टिम डुङ्गा, ढुकु फुटसल हब, फड्की बिन्स र शंखमुल प्रवेश गरेको छ।

पोखरा-४ गणेशटोल स्थिति स्पोर्टस क्यासलमा बुधबार भएको पहिलो क्वाटरफाईनल खेलमा भ्याली स्पोर्टस्लाई २-० गोल अन्तरले पराजिग गर्दै शंखमुल अन्तिम चारमा प्रवेश गर्यो। शंखमुलको जीतमा जुजु श्रेष्ठ र लक्ष्मण थापामगरले समान १/१ गोलको योगदान दिए। सो खेलबाट शंखमुलका जुजु श्रेष्ठ म्यान अफ द म्याचबाट २ हजार ५ सय र ट्रफी सहित पुरस्कृत बने। दोस्रो खेलमा हिमाल एण्ड रक्षा मेमोरियललाई ४-२ गोल अन्तरले टिम डुङ्गाले पराजित गर्यो । डुङ्गाको जीतमा सन्दिप कार्की, अनिल खड्का, प्रवेश जोशी र किरण चौधरीले समान १/१ गोल गरे। भने हिमाल एण्ड रक्षाको तर्फबाट अर्जुन रानामगरले २ गोल फर्काए । सो खेलबाट रानामगर म्यान अफ द म्याचबात पुरस्कृत भए। तेस्रो क्वाटरफाईनल खेलमा राजन एण्ड ब्रदर्शमाथी ढुकु फुटसल हबले ६-० को फराकिलो गोल अन्तरले जीत निकाल्दै सेमीफाईनलमा शंखमुलसँगको भेट पक्का गर्यो। ढुकुको जीतमा अवय राना र आदिल हामिद दुवैले समान १/१ ह्याट्रिकको योगदान दिए । उक्त खेलबाट अवय राना म्यान अफ द म्याच घोषित हुदै ट्रफी र नगद रु २ हजार ५ सय प्राप्त गरे।

यसैगरी अन्तिम क्वाटरफाईनल खेलमा दीप युनाईटेड क्लबलाई ७-२ को फराकिलो गोल अन्तरले फड्की बिन्सले हराउदै सेमीफाईनलमा टिम डुङ्गा सँगको भेट पक्का गर्यो। फड्की बिन्सको जीतमा अविनाश तामाङले ४ गोलको योगदान दिए भने मनिस क्षेत्रीले २ गोल र एलेन गुरुङले १ गोल गरे। यता दीक युनाईटेडको तर्फबाट विवेक सन्तोषी र तिलक छन्त्यालले समान १/१ सान्त्वना गोल फर्काए। सो खेलबाट फड्की बिन्सका अविनाश तामाङ म्यान अफ द म्याचको हकदार बन्दै ट्रफी र नगद रु २ हजार ५ सयबाट पुरस्कृत बने।

सेमीफाईनलका खेल बिहिबार विहान साढे सात बजे ढुकु फुटसल हब र शखमुल बिच हुने खेल संयोजक आशिश क्षेत्रीले बताए। उनका अनुसार दोस्रो सेमीफाईनल खेल टिम डुङ्गा र फड्की बिन्स बिच हुनेछ । भने फाईनल खेल मध्यान्ह १२ बजे सञ्चालन गरिनेछ । प्रतियोगिताको विजेताले नगद ३ लाख रुपैंयाको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै उपविजेताले नगद १ लाख ५० हजार रुपैंया प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद २५ हजार, उत्कृष्ट गोल रक्षक र उदयीमान खेलाडीले समान १०-१० हजार रुपैंयाको साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

# लोक गायक स्व:गुरुङको स्मृतिमा हुने कार्यक्रमको तयारी तीब्र

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**



लोक गायक स्वः प्रविण गुरुङको स्मृतिमा उनको जन्म गाउँ अन्नपूर्ण-६ लुम्लेमा हुने कार्यक्रमको तयारी तीब्र पारिएको छ।

जसबारे आयोजक रिनी म्यु (दिदीबहिनी दाजुभाई) समाजले बुधवार पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। कार्यक्रम यहि चैत १७ गतेदेखि २१ गतेसम्म हुदैछ। स्वः प्रविण गुरुङ स्मृति प्रतिष्ठान गठन गर्ने, गुरुङको शालिकको संरक्षण र व्यवस्थापन गर्ने, स्वदेश तथा विदेशमा गुरुङलाई चिनाउने मुल उद्देश्य राखी कार्यक्रम गर्न लागिएको हो।

अन्नपूर्ण गाउँपालिकाको विशेष सहयोगमा हुने उक्त कार्यक्रम अन्तर्गत खुल्ला दोहोरी गीत प्रतियोगिता, स्रष्टा सम्मान, दोस्रो गाउँ स्तरीय पुरुष भलिवल प्रतियोगिता (सुनगाभा कप २०७७), लेकाली व्याडको लाइभ कन्सर्ट साथमा विविध सांस्कृतिक कार्यक्रम गरिने समितिका समितिमा सचिव राजु गुरुङले जानकारी दिए ।जसअन्तर्गत दोहोरीगीत तर्फ ८ समूह र भलिवलतर्फ २० समूहले प्रतिष्पर्धा गर्नेछन्।

सो अवसरमा समाजका वरिष्ठ सल्लाहकार आइबहादुर गुरुङ, वडाध्यक्ष चित्रबहादुर गुरुङ, समाजका अध्यक्ष टेकबहादुर गुरुङ, मूल समितिका सदस्यहरु नविन गुरुङ र जीवन दाहाल, खेल संयोजक रोहित गुरुङ लगायतले कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए। उनीहरुले लाहुरे परिवारमा जन्मेर पनि स्वः प्रविण गुरुङ गीत संगितको क्षेत्रमा लागेको, गाउँले जनजीवनलाई आफ्नो सिर्जनामा उतारेको लगायतका धारणा राखे । कार्यक्रम अन्तर्गत यहि चैत २० गते गाउँपालिका अध्यक्ष युवराज कुँवरको हातबाट स्वः गुरुङको शालिक अनावरण गर्ने कार्यक्रम छ।

त्यस्तै स्वः धनबहादुर गायकलाई मरणोप्रान्त तथा लेकाली व्याण्डका भोकलिष्ट नविन गुरुङलाई पनि सम्मान गर्ने कार्यक्रम तय भएको छ। दोहोरीतर्फ प्रथम हुने समूहले रु.२० हजार, द्वितीयले रु.१५ हजार, तृतीयले १० हजार तथा सान्त्वनालाई रु.६ हजार साथमा प्रमाणपत्र पुरस्कारको व्यवस्था गरिएको छ । त्यस्तै भलिवलमा प्रथम रु.५० हजार ५ सय ५५, द्वितीय ३० हजार ५ सय ५५, तृतीय १५ हजार ५ सय ५५ र सान्त्वना रु. ५ हजार साथमा मेडल र प्रमाणपत्र पुरस्कार दिइने छ।

त्यस्तै वेष्ट प्लेयर, ब्लकर र सर्भिसलाई पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ। वि.स २०१८ माघ १ गते जन्मेका गुरुङको गीतसंगितको क्षेत्रमा लाग्दालाग्दै मिति २०५१ साउन २२ गते काठमाण्डौमा सवारी दुर्घटनामा परी निधन भएको थियो । १० वर्षको उमेरबाट घर छाडी सांगीतिक यात्रामा निस्केका गुरुङले डाँफे कला मन्दिरमा नृत्य साथै गायन सिकेका थिए।

तत्कालिन गण्डकी अञ्चल स्तरीय गायन प्रतियोगितामा प्रथम हुन सफल गुरुङले पाण्डव सुनारसँग सम्पर्क पश्चात राष्ट्रिय नाचघर काठमाण्डौमा काम पनि गरेका थिए । स्वः गुरुङका यो दाजुको मिरमिरे आँखा, सालैजो हितैको माया, फूल मायामा नभुल, माथीबाट को आयो सालको पात बजाउँदै लगायतका गीतहरु प्रचलित छन्।

# हाइकिङ र साइक्लिङको साझा गन्तव्य: बेगनास परिक्रमा पदमार्ग

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**

तालैतालको शहरका रुपमा चासो र चर्चा कमाएको कास्कीको लेखनाथस्थित बेगनासताललाई परिक्रमा गर्ने गरी पदमार्गको प्रवर्द्धनलाई प्राथमिकतामा राखएको छ।

करीब सात वर्षअघि बेगनासतालको बाँधदेखि लाम स्वाहाँरा-स्याङखुदी-सिम्ले-भञ्ज्याङ-सुन्दरीडाँडा-पचभैया हुँदै पुनः बाँध क्षेत्रमा जोड्ने गरी पदमार्ग खोलिएकामा पछिल्ला समयमा छोटो दूरीमा पदयात्रा गर्न चाहनेहरूका लागि यो गन्तव्य रोजाइमा पर्ने गरेको छ।

कूल १६ किलोमिटर दूरी लामो यो पदमार्ग चार घण्टा समयावधिमा पार गर्न सकिने पर्यटन व्यवसायी एवम् होटेल तथा रेष्टुरेन्ट एसोसिएशन लेखनाथका पूर्वअध्यक्ष दामोदरभक्त थापाले जानकारी दिए । "यो पदमार्ग हाइकिङ एवम् साइक्लिङ दुवैका लागि उपयुक्त छ", उनले भने, "छोटो समयको पदयात्राका लागि साइक्लिङ गर्न चाहने जो कोही यस पदमार्गमा रमाउन सक्छन् ।" पछिल्ला समयमा देशका विभिन्न ठाउँबाट पोखरा आउने पर्यटकहरू लेखनाथ क्षेत्रका ताल अवलोकन नगर्दासम्म आफ्नो यात्रा अपूरो ठान्ने गरेको बताउँदै थापाले माछाका परिकारको स्वाद लिनका लागि यहाँका माझी कुना, ड्यामसाइड, रुपातालको जमन कुनालगायत स्थानहरू अधिकांशको रोजाइमा पर्ने गरेको जानकारी दिए। तालसहितको रमणीय दृश्य नियाँल्दै पदयात्रा गर्न पाउने यो मार्गको प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डले सहयोग गर्ने बोर्डका गण्डकी प्रदेश कार्यालय प्रमुख काशीराज भण्डारीले बताए । स्थानीय जागरुकतासँगै नेपाल पर्यटन बोर्डले यहाँको प्रवर्द्धनका लागि सहयोग गर्ने बताउँदै उनले वातावरणीय स्वच्छतालाई दृष्टिगत गर्दै पदमार्गमा निर्माण गरिने संरचना सकेसम्म स्थानीय सामग्रीको प्रयोग गर्नुपर्ने आवश्यकता औल्याए।

पदमार्गको प्रवर्द्धनलाई लक्षित गर्दै नेपाल पर्यटन बोर्डको प्रवर्द्धन एवम् होटेल तथा रेष्टुरेन्ट एसासिएशन लेखनाथको आयोजनामा हालै पर्यटनसम्बद्ध व्यवसायी, सञ्चारकर्मीसहितको टोलीले उक्त क्षेत्रको प्रवर्द्धनात्मक पदयात्रा गरेको छ।

# वालिङ....

विभिन्न तीन विधामा देशभरका नगरपालिकामध्येबाट स्याङ्जाको वालिङ नगरपालिका, रुपन्देहीको तिलोत्तमा नगरपालिका र झापाको कन्काई नगरपालिका सर्वोत्कृष्ट घोषणा गरेका हुन्।

वालिङ नगरपालिका शहरी योजना, वातावरण, विपद् जोखिम व्यवस्थापन र उत्थानशीलतामा देशकै सर्वोत्कृष्ट नगर घोषित भएको हो भने रुपन्देहीको तिलोत्तमा नगरपालिका शहरी सुशासन सेवा प्रवाहमा र झापाको कन्काई नगरपालिका आर्थिक प्रशासन तथा राजस्व शीर्षकमा सर्वोत्कृष्ट भई पुरस्कृत भएको हो।

# कोरोना....

उल्लेख गर्दै फेरि पनि असर कम पर्ने बताए । "हामीकहाँ यसको असर कम पऱ्यो । फेरि पनि कम पर्छ र बाहिर, अन्यत्रजस्तो यसलाई हामी संक्रमित हुन दिँदैनौँ र दिनु पनि हुँदैन। यसका लागि विभिन्न तरिका अवलम्बन गर्नुपर्छ", उनले भने, "हामीले नियम र आदेशको पालना गर्नुपर्छ। स्वास्थ्य मन्त्रालय, सिसिएमसीले जारी गरेको नियम मान्नुपर्छ । त्यसो गरे मात्रै हामी यसबाट जोगिन सक्छौँ।"

प्रधानमन्त्री ओलीले सरकारको निरोगी नेपाल स्वास्थ्य नीतिका कारण देशमा कोभिड-१९ को प्रभाव कम भएको र नियन्त्रण गर्न सकेको बताए।


**रोगको समयमा उपचार गर्नुपर्दछ। उपचारका लागि धामी झाक्री कहाँ होइन स्वास्थ्यकर्मी एवं स्वास्थ्य संस्थामा जाऔं।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**









## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सबैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।
- शेक्सपियर

## सम्पादकीय

# हतारको निर्णय सच्याउने मौका

प्रतिनिधि सभा विघटन लगत्तै नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का प्रदेश सरकारकै निरन्तरतामा प्रश्न उठेको थियो। प्रधानमन्त्री केपी शर्मा ओलीको प्रतिनिधि सभा विघटन गर्ने कदमको समर्थन गरेको भन्दै पुष्प कमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल पक्षले मुख्यमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव ल्याएका थिए। प्रदेश नं १ र वाग्मती प्रदेशका मुख्यमन्त्री विरुद्ध अविश्वासको प्रस्ताव दर्ता गरेर अस्थिरता निम्त्याउन खोजिएको थियो। प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राई र वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेल सरकारलाई ढालेर माधवकुमार नेपाल पक्षधर नेतालाई मुख्यमन्त्री बनाउने योजना सार्वजनिक भएको थियो।

दुवै प्रदेशमा नेकपा एमालेको बहुमत छामाओवादी मिल्दा दुई तिहाई थियो। सर्वोच्च अदालतले नेकपा दर्ता बदर गरेर एमाले र माओवादी केन्द्र छुट्टाछुट्टै भएपछि अवस्थामा फेरबदल आएको छ। संसदीय दलमा मुख्यमन्त्री शेरधन राई र डोरमणि पौडेल बहुमतमा पुगेपछि माधवकुमार नेपाल पक्ष अविश्वासको प्रस्तावमा गरिएको हस्ताक्षर फिर्ता लिन तयार भएको छ। तीन महिनाअघिदेखिको अन्यौल हटेको छ। एमाले १ नम्बर प्रदेश संसदीय दलको बुधवार बसेको बैठकले विधान पारित गरेको छ। विधान पारित गरेर दलको नेतालाई बलियो बनाएपछि अनुशासनबाट जोगिन हस्ताक्षर फिर्ताको निर्णयमा पुग्नुलाई सकारात्मक मान्नुपर्छ। बैठकले विधानअन्तर्गत दलका नेता मुख्यमन्त्री शेरधन राईको संयोजकत्वमा १५ सदस्यीय संसदीय बोर्ड गठन पनि गरेको छ।

बोर्डमा दलका उपनेता, प्रमुख सचेतक बुद्धिकुमार राजभण्डारी, सचेतक पदेन सदस्य छन् भने जसमाया गजमेर, आशारत्न जवेजु, यशोदा अधिकारी, अम्बिका थापा, विमल कार्की, काजीमान कागते, विर्खबहादुर प्रधान, ज्ञानेश्वर राजवंशी, तुलसीप्रसाद न्यौपाने, लीलाबल्भ अधिकारी र लिलम बस्नेत छन्। बोर्डमा माधवकुमार नेपाल पक्षका पनि रहेका छन।दलको बैठकमा सहभागी भएर निर्णय पालना गर्न तयार हुनु पार्टी एकताबद्ध रहनुपर्छ भन्ने मतको कदर हो। अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण र औचित्य थिएन। संसदीय दलको नेतामा पराजितलाई जसरी पनि मुख्यमन्त्री बन्ने चाहनाले जगहसाउने काम मात्र भएको थियो। अस्थिरता हटाउन मुख्यमन्त्री राईले अविश्वासको प्रस्ताव फिर्ता लिनका लागि आफ्नो दलका प्रदेशसभा सदस्यलाई ७ दिन समय दिएका छन्।

नेकपा एमाले पुनःस्थापित भएपछि पहिलो पटक बुधवार नेकपा एमाले १ नम्बर प्रदेशको संसदीय दलको बैठकले बोल्ड निर्णय लिएको छ। प्रदेश सभामा नेकपा एमालेका सभामुखसहित ५१ सदस्य रहेका छन्। बुधवारको बैठकमा ३१ सदस्यको उपस्थिति थियो भने नेकपा माओवादी केन्द्रका तर्फबाट रहेका उपनेता टंक आङ्बो पनि उपस्थित थिए। मुख्यमन्त्री राईविरुद्ध गत पुस १२ गते बिहान १०:४३ बजे अविश्वास प्रस्ताव प्रदेशसभा सचिवालयमा दर्ता भएको थियो। क्षणिक आवेगमा आएर गरिएको निर्णयले नेताहरूको अधैर्यता देखाएको छाअब यस्ता निर्णय गर्दा धेरै सोचविचार पुऱ्याउनुपर्छ भन्ने पाठ सिकाएको हुनुपर्छ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : शारिरीक झमेला |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : आर्थिक समस्या |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।




**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ।
सम्पर्क: सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

# मादीका सात वडामा सुविधासम्पन्न कार्यालय भवन

**पोखरापत्र संवाददाता**
**पोखरा, ११ चैत**

कास्की जिल्लाको मादी गाउँपालिकाका विभिन्न सातवटा वडामा सुविधासम्पन्न कार्यालय भवन निर्माण गरिएको छ। कोरोना भाइरसका कारण मुलुकमा बन्दाबन्दीको अवस्थामा पनि स्वास्थ्य सुरक्षा अपनाएर सातवटा वडामा नयाँ कार्यालय भवन निर्माण गरिएको हो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैनबहादुर क्षेत्रीको संयोजकत्वमा समन्वयका उपप्रमुख सावित्री भण्डारी, सदस्यहरू, समन्वय अधिकारी नवराज बराल, प्राविधिक, सञ्चारकर्मीसहितको टोलीले मङ्गलबार वडा नं ८ र ९ को नवनिर्मित कार्यालय भवनको स्थलगत अनुगमन गरेको हो।

जिल्ला समन्वय समिति कास्कीको ६० प्रतिशत एवं गाउँपालिकाको ४० प्रतिशतको साझेदारीमा कूल पाँच करोड १७ लाख ७२ हजार ५०९ लागतमा सातवटा वडा कार्यालय भवन निर्माण गरिएको बताइएको छ। जिल्ला समन्वय समिति कास्कीको मौजुदा कोषको रु तीन करोड नौ लाख ६३ हजार ५०४ र गाउँपालिकाको रु दुई करोड ७० लाख नौ हजार १० लागतमा नयाँ भवन निर्माण गरिएको प्रमुख क्षेत्रीले जानकारी दिनुभयो।

उहाँका अनुसार पहिलो तलामा पाँच कोठा पक्की र दोस्रो तलामा ट्रस सभाहलसहितको दुईतले चिटिक्क परेका एउटै मोडलमा निर्माण गरिएका भवनमध्ये वडा नं ४, ५, ८, ९ र १२ का सम्पन्न भई नयाँ कार्यालयबाट वडावासीलाई सेवा प्रदान गरिएको छ भने वडा नं ६ र ७ का भवन निर्माण अन्तिम चरणमा पुगेका छन्। वडा नं १, २, १० र ११ भने साविकको गाविस भवनबाट सेवा प्रदान गर्दै आएका छन्। साझेदारी कार्यक्रमअनुसार पालिकाको वडा नं ४ को रु ७० लाख १६ हजार ६१८, ५ को रु ६७ लाख ३६ हजार ५९०, ६ को रु ९३ लाख ८१ हजार ६४४, ७ को रु ७० लाख २६ हजार ८७६, ८ को रु ७२ लाख ३० हजार ३४२, ९ को रु ७२ लाख तीन हजार ६७२ र १२ को रु ६९ लाख ७६ हजार ७०७ लागतमा निर्माण गरिएको हो। टोलीले मादी गाउँपालिकामा सङ्घ, प्रदेश र स्थानीय तहबाट भइरहेका सडक तथा निर्माणाधीन इदीखोला, वार्दीखोला, मकैखोला र मादी नदीमाथिको धुम्ले पुलको निर्माण अवस्था र गुणस्तरका बारेमा जानकारी लिएको थियो। सो अवसरमा समन्वय प्रमुख क्षेत्रीले तोकिएको समय र गुणस्तरीय विकास निर्माणमा कुनै पनि सम्झौता नहुने बताउँदै अनुगमनले विकास निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। अनुगमनका क्रममा निर्माणमा देखिएका कमी कमजोरीलाई नसच्याएसम्म निर्माण व्यवसायीलाई पूरा रकम भुक्तानी दिन नसकिने समन्वय प्रमुख नवराज बरालले बताउनुभयो। सेवाग्राहीलाई सुविधा दिने कुरामा कर्मचारी वर्ग जिम्मेवार हुनुपर्नेमा उहाँको जोड थियो।

# नगरपालिका बजारका गिज्याउने खाल्डाखुल्डी

**खेमराज गौतम**
**बागलुङ, ११ चैत**

बागलुङ नगरपालिकाको भित्री सडकका रूपमा रहेको गोदामचोक हुँदै कृषि विकास बैंकबाट अदालत रोडसम्मको सडकमा सोमबार राति गुडिरहेको मोटरसाइकल सडकको नालीमा खस्यो।

कृषि विकास बैंक अगाडिको घुम्तीमा नालीको स्लेप भत्किएको दुई वर्ष बित्न लाग्यो। नगरपालिकाले स्थानीयवासी र यात्रुको गुनासोपछि केही महिना अघि स्लेप बनायो पनि तर त्यो अझैसम्म व्यवस्थित गरेर नहाल्दा रातको समयमा दुर्घटनाको जोखिम छ। नगरपालिकाले मुख्य सडकका रूपमा रहेको समीक्षालय चोकबाट जीपपार्क चोकसम्म चिल्लो सडक बनाए पनि भित्री सडकको दुरावस्था छ। खाल्डाखुल्डी र स्लेपबिनाको सडकले नगरपालिकालाई गिज्याइरहेको छ। स्लेपको मात्रै होइन, भित्री सडकमा नगरपालिकाले खाल्डाखुल्डी पुर्नका लागि गत वर्ष कच्चा सामग्री त खसाल्यो तर कालोपत्र नहुँदा झनै सडक क्षतविक्षत भएको स्थानीयवासी ईश्वर मलेपतीले गुनासो गर्नुभयो। "चार वर्षअघि नगर खानेपानीले पाइप खन्दा भत्काएको सडक कालोपत्र हुने कुरा त टाढाको कुराजस्तो भयो, त्यहीँमाथि दुई वर्षदेखि बीच सडकमा राखिएको नालीको स्लेप राखिएको छैन", मलेपतिले व्यङ्ग्यात्मक शैलीमा भन्नुभयो, "नगरपालिकाले ठूला-ठूला विकास गर्न थालेर होला, धराप थापेको सडक मर्मतमा नलागेको, गत वर्ष सडकमा गिट्टी झारेको थियो, सडक मर्मत होला भनेको त अहिलेसम्म भएन, बिच्छ्याएका गिट्टीहरू तितरवितर भएर झनै समस्या भयो।" अहिले रातिको समयमा स्लेप नभएको नालीमा मोटरसाइकलहरू खस्ने गरेको स्थानीयवासीको भनाइ छ। पटक-पटक सडक मर्मतका लागि नगरपालिका, वडा नं २ र ३ मा भने पनि कुनै सुनुवाइ नभएको मिलीजुली टोल विकास समितिका अध्यक्ष रुद्र महतले बताउनुभयो। "यो सडक दुई वडाको बीचमा पर्ने भएरसमेत होला, कुनै सुनुवाइ भएको छैन", महतले भन्नुभयो, "दैनिकजसो दुर्घटना हुन्छ, कतिलाई अस्पताल नै लगिन्छ, नगरपालिकाले चार वर्षदेखि सडक मर्मत गर्न नसक्नु लज्जाको विषय बनेको छ।" यस चोकको सडक मात्रै होइन, एक दर्जन भित्री सडक चार वर्षदेखि मर्मत भएका छैनन्।

गुठी, पेन्सन क्याम्प, बागलुङ एफएम चोक र देउराली चोकलगायतका जीर्ण सडक मर्मत हुनसकेका छैनन्। नगर खानेपानीले पाइप लाइन खनेको गुठी क्षेत्रमा हालसम्म सडक मर्मत हुनसकेको छैन। नगर खानेपानीले सडक मर्मत गर्ने रकम नगरपालिकाले सिगाना जाने सडक र उपल्लाचौर जाने सडक कालोपत्र गरेकाले झनै समस्या पैदा भएको छ। निकै महत्वाकाङ्क्षी योजना ल्याउँदै आएको नगरपालिकाले धेरै सकारात्मक कामसमेत गर्दै आए पनि सानातिना सडक मर्मतमा ध्यान पुग्न सकेको देखिन्न। नगरपालिका प्रमुख जनकराज पौडेलले आफ्नो कार्यकालभित्रै नगरका सबै वडामा नगर बस सञ्चालनका लागि स्तरीय सडक बनाउने र अधिकांश वडा कार्यालयसम्म सडक कालोपत्र गर्ने योजना रहेको बताउँदै आउनुभएको छ। अहिले बजार बाहिरका वडामध्ये ५ र ७ मा कालोपत्र पुर्‍याउने काम चलिरहेको छ भने वडा नं ६ को कार्यालयमा कालोपत्र सडक पुर्‍याइसकेको छ। यस्तै रायडाँडाबाहेकका वडामा बस सञ्चालनसमेत भइरहेका छन् तर नगरपालिकाको केन्द्र साविक अञ्चल सदरमुकामभित्रै सडक योजनाको दुर्दशाले पालिका र जनप्रतिनिधिलाई जिस्क्याइरहेको मात्रै छैन, पटक-पटक दुर्घटना भएर नगरवासीलाईझस्काउनसमेतथालेको छ। नगरपालिकाले खाल्डाखुल्डी पुर्ने अभियान बजेट विनियोजनसहित चलाइरहे पनि केही सडक छुटेको नगरपालिकाका वरिष्ठ योजना प्रशासकीय अधिकृत तथा सूचना अधिकारी युक्तप्रसाद सुवेदीले जानकारी दिनुभयो। "नगरमा धेरै विकासले फड्को मारेको छ तर सडकमा कतै खाल्डाखुल्डी नहुन् भन्ने धारणा हो", सूचना अधिकारी सुवेदीले भन्नुभयो, "केही चोक र भित्री सडक मर्मतमा ढिलाइ भएको महसुस गरेका छौँ, असारभित्र खाल्डाखुल्डीमुक्त बजार बनाउँछौँ, बजेटको प्रबन्धसमेत हुँदैछ।"

नगरपालिकाका इञ्जिनीयर मनोज शर्माका अनुसार गोदामचोक हुँदै कृषि विकास बैंकबाट अदालत रोडसम्मको सडक असारभित्रै मर्मत गरिने बताउनुभयो। यो आर्थिक वर्षमा सडक बोर्डको रु ९२ लाखसहित नगरपालिकाको साझेदारीमा रु एक करोड ४३ लाख रकमले सडक मर्मत गर्ने इञ्जिनीयर शर्माको भनाइ छ।

# मातृशिशु मृत्युदर घटाउने अभियानमा म्याग्दे अघि

**पोखरापत्र संवाददाता**
**तनहुँ, ११ चैत**

म्याग्दे गाउँपालिका-४ छिम्लिस्वाँरा छाङमा कालिकामोइ आमा समूह भवनको शिलान्यास गरिएको छ।

भवनको गण्डकी प्रदेश सरकार सामाजिक विकासमन्त्री नरदेवी पुन तथा म्याग्देका अध्यक्ष मायादेवी रानाले संयुक्त रूपमा शिलान्यास गर्नुभयो। रु११ लाखको लागतमा बन्ने समूहको भवन आगामी असार १५ गतेसम्म निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

सो अवसरमा मन्त्री पुनले प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयमार्फत स्थानीय तहले माग गरेअनुसार तालीम दिने गरे पनि सिकेको सीप व्यवहारमा लागु गरेको नपाइएको जनाउँदै मातृशिशु मृत्युदर घटाउने अभियानमा म्याग्दे एक कदम अघि भएकामा खुशी व्यक्त गर्नुभयो। गाउँपालिकाका अध्यक्ष मायादेवी रानाले पृथ्वी राजमार्ग क्षेत्रमा रहेर पनि विकासका काममा पछि परेका अवस्थामा आफूले स्थानीय तह सम्हालेसँगै विकासका कार्य धेरै अघि बढेको जिकिर गर्नुभयो। गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले भूकम्पले भत्काएको खानेपानीका मुहान, बाटोघाटो, पुललगायत भौतिक क्षति भएकामा पुनःनिर्माण गर्न गाउँपालिकाको मात्र रकमले नपुग्ने हुँदा सङ्घीय र प्रदेश सरकारले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

# कोरोना जोखिम बढेपछि मलामी संख्या कम गर्न आग्रह

**पोखरापत्र संवाददाता**
**दमौली, ११ चैत**

विश्वव्यापीरूपमा फैलिएको कोरोना सङ्क्रमणको जोखिम पुनः वृद्धि भएपछि देवघाट क्षेत्र विकास समितिले मलामी सङ्ख्या कम गर्न आग्रह गरेको छ।

समितिले सूचना निकालेर कोरोना सङ्क्रमण वृद्धि भएसँगै जनस्तरमा चासो र चिन्ता व्यक्त भएको भन्दै मलामी आउँदा सचेतना अपनाउन आग्रह गरेको हो। कोरोना सङ्क्रमणबाट बच्न र बचाउनका लागि न्यून सङ्ख्यामा २० देखि २५ जनासम्म मलामी आउन आग्रह गरिएको समितिका कार्यकारी निर्देशक धीरणबाबु घिमिरेले जानकारी दिनुभयो। "रोग लागिसकेपछिको चिन्ता र सतर्कताभन्दा त्यसपूर्व नागरिकको सचेत व्यवहारलाई उत्तम मानिन्छ", उहाँले भन्नुभयो, "सनातन संस्कृतिका अनुयायीहरूको पावनभूमि देवघाटधाम पनि कोरोना सङ्क्रमणको उच्च जोखिममा छ।" अनियन्त्रित सङ्ख्यामा मलामीको उपस्थिति र अनावश्यक घुमफिर, कोरोना महामारीमा कमी आएसँगै लयमा फर्कँदै गरेका होटल व्यवसाय र त्यहाँ रहने उपभोक्ता, अनावश्यकरूपमा हिँडडुल गर्ने समूह र देश बाहिरबाट आउने नागरिकबाट पनि देवघाटधाम कोरोनाको जोखिममा रहेको छ। न्यून सङ्ख्यामा मलामी आउन र मलामी अनावश्यक घुमफिर नगरी नुहाईधुवाई र चोखो शुद्ध भएर घर फर्कन समितिले आग्रह गरेको छ।

# बिरामी पहिचान गर्न कठिन

**पोखरापत्र संवाददाता**
**दमौली, ११ चैत**

नेपालमा दैनिक १८९ क्षयरोगका बिरामी थपिने गरेको तथ्याङ्क रहे पनि तनहुँमा भने क्षयरोगका बिरामी पहिचान गर्न कठिन भएको छ। विगत एक वर्षकोमा कोभिड सङ्क्रमणका कारण क्षयरोगका बिरामी पहिचान गर्न कठिन भएको हो।

कोभिड सङ्क्रमणका कारण कोभिड न्यूनीकरणमा खटिनुपर्दा क्षयरोगका बिरामी पहिचान गर्न नसकिएको जिल्ला स्वास्थ्य कार्यालयका अधिकृत कृष्णप्रसाद सुवेदीले बताउनुभयो। यद्यपि अशिक्षा, अज्ञानता र भौगोलिक कारणले पनि क्षयरोगी उपचारको पहुँचमा आउन नसकेको सुवेदीको भनाइ छ। "क्षयरोगी पहिचान गरी उपचारको पहुँचमा ल्याउनुपर्ने विद्यमान चुनौती छ", सुवेदीले भन्नुभयो, "त्यसका लागि सबै पक्षको सहयोग अपरिहार्य हुन्छ।"

सन् २०५० सम्म नेपाल क्षयरोगविहीन बनाउने लक्ष्य छ। त्यसका लागि क्षयरोगका बिरामी पहिचान गरी उपचार गर्नुपर्ने बाध्यता रहेको सुवेदीले बताउनुभयो। "उपचारमा नरहेको एक क्षयरोगीले औसतमा १० देखि १५ स्वस्थ्य व्यक्तिलाई रोग सार्न सक्छ", उहाँले भन्नुभयो, "सो तथ्याङ्कलाई घटाउन पनि नयाँ क्षयरोगीको पहिचान आवश्यक छ।" क्षयरोगी पहिचानका लागि कार्यालयले शङ्का लागेका व्यक्तिको घरमा पुगेर नै खकार सङ्कलन गरी प्रयोगशालामा परीक्षण गर्ने व्यवस्था मिलाएको छ। "दुई हप्तासम्म खोकी लागेका शङ्कास्पद व्यक्ति पत्ता लागे घरमै पुगेर खकार सङ्कलन गरी परीक्षणको व्यवस्था मिलाएका छौँ", सुवेदीले भन्नुभयो।

क्षयरोगी पहिचानका लागि कन्ट्याक्ट ट्रेसिङको व्यवस्था पनि छ। सुवेदीका अनुसार ६ महिनामा दुईपटक कन्ट्याक्ट ट्रेसिङ गरिन्छ। दुई महिनामा पहिलोपटक र ६ महिनाभित्र अर्को पटक गरी कन्ट्याक्ट ट्रेसिङको व्यवस्था मिलाइएको छ। सुवेदीका अनुसार क्षयरोगी भएको घरका पाँच वर्षमुनिका बच्चालाई क्षयरोग छैन भन्ने प्रमाणित भएको खण्डमा तीन महिनासम्म औषधि खुवाइने गरेको छ। "घरपरिवारका सदस्यबाट नसरोस् भन्नका लागि उनीहरूलाई पनि औषधि खुवाउने व्यवस्था मिलाइएको हो", उहाँले भन्नुभयो। लुकेर बसेका क्षयरोगीलाई पहिचान गर्न नसकिए जोखिम बढ्ने जिल्ला स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शङ्करबाबु अधिकारीले बताउनुभयो। "पछिल्लो एक वर्ष कोभिडका कारण समस्या भएको हो, तर जनशक्ति अभाव, अज्ञानता र अशिक्षा नै यसको मुख्य कारण हो", अधिकारीले भन्नुभयो। अधिकारीका अनुसार लुकेर बसेका क्षयरोगी पत्ता लगाउन जन्तर भन्ने संस्थाले गाउँगाउँ पुगेर सहयोग गरिरहेको छ। "नियमित औषधि सेवन गरे क्षयरोग निको हुन्छ, यसको प्रचारप्रसार गर्दै क्षयरोगीलाई उपचारकोपहुँचमाल्याउनुपर्छ", अधिकारीले भन्नुभयो। तनहुँमा क्षयरोगका कूल २५४ बिरामी छन्। कार्यालयका अनुसार सबैभन्दा बढी व्यास नगरपालिकामा ६८, शुक्लागण्डकी नगरपालिकामा ३५, भानु नगरपालिकाका ३२, देवघाट गाउँपालिकामा २२, भीमाद नगरपालिकामा २४, आँबुखैरेनी गाउँपालिकामा २७, म्याग्दे गाउँपालिकामा १३, घिरिङ गाउँपालिकामा सात, ऋषिङ गाउँपालिकामा ११ र बन्दीपुर गाउँपालिकामा १५ क्षयरोगका बिरामी छन्। त्यसमध्ये चालु आवको साउनदेखि फागुनसम्म जिल्लामा १४२ क्षयरोगका बिरामी पहिचान भएका छन्। चालु आवमा व्यास ४१, आँबुखैरेनी १५, भानु १९, बन्दीपुर १६, शुक्लागण्डकी २१, भीमाद ११, घिरिङ ११, ऋषिङ चार र म्याग्देमा चारजना क्षयरोगका बिरामी थपिएका छन्। नियमित ६ महिना औषधि सेवन गरेपश्चात् ७० प्रतिशत उपचार सफल भएको कार्यालयले जनाएको छ। क्षयरोगीको उपचारका लागि जिल्लामा ५० उपचार केन्द्र र नौवटा प्रयोगशाला छन्। नेपालमा ८० हजार क्षयरोगी छन्। वार्षिक पाँच हजारदेखि ६ हजार ५०० सम्म क्षयरोगका कारणबाट मृत्यु हुने गरेको छ। चौवालीस हजार नयाँ बिरामी थपिने गरेकामा ३४ हजार बिरामी उपचारका लागि स्वास्थ्य संस्थासम्म पुग्ने गरेका छन्। पन्ध्रदेखि ४९ वर्ष उमेर समूहका व्यक्ति क्षयरोगबाट सङ्क्रमित हुने गरेको तथ्याङ्क छ।
गण्डकी प्रदेशमा एक हजार ९४७ क्षयरोगी छन् भने ५७९ उपचार केन्द्र रहेको छ। गण्डकी प्रदेशमा ७० जनाको क्षयरोगबाट मृत्यु भएको तथ्याङ्क छ।

# तनहुँमा मतदाता नामावली संकलन पुनः शुरु

**पोखरापत्र संवाददाता**
**दमौली, ११ चैत**

निर्वाचन घोषणा भई गत पुस ५ गतेपछि स्थगन भएको मतदाता नामावली सङ्कलन तथा अद्यावधिक कार्य पुनः शुरु भएको छ।

सरकारले प्रतिनिधिसभा विघटन गरेर चुनाव घोषणा गरेसँगै निर्वाचन आयोगले नामावली सङ्कलन स्थगन गरेको थियो। सर्वोच्च अदालतले संसद् विघटन गर्ने सरकारको निर्णय बदर गरिदिएसँगै आयोगले नामावली सङ्कलनलाई अगाडि बढाएको हो। जिल्ला निर्वाचन अधिकारी महेश शर्माले चैत ५ गतेदेखि मतदाता नामावली सङ्कलन तथा अद्यावधिक शुरु गरिएको जानकारी दिनुभयो।

कार्यालयले नागरिकता बनाउन आउनेलाई प्रशासन कार्यालयबाटै नामावली सङ्कलनको व्यवस्था मिलाएको छ भने कार्यालयबाट पनि नाम दर्ता गर्न सकिनेछ।

# तरकारीले धानेको नमूना गाउँ 'पित्लेक'

तोलाकान्त बगाले
स्याङ्जा, ११ चैत

खेतबारी बाँझै राखेर बजार झर्ने पद्धतिको विकास भइरहेका बेला यहाँका स्थानीयवासी व्यावसायिक तरकारी खेतीमार्फत गाउँलाई नै नमूना बनाएका छन् ।

गाउँघरमा वृद्धवृद्धा मात्रै हुने अथवा गाउँघर छोडेर रोजगारी, व्यवसाय तथा अध्ययनका लागि बजार केन्द्रित हुने पद्धतिलाई अन्त्य गर्दै गाउँमै मौसमी तथा बेमौसमी तरकारी खेतीमार्फत मनग्य आम्दानी गर्न सफल भएका हुन् । तत्कालीन जिल्ला कृषि विकास कार्यालय स्याङ्जाका वरिष्ठ कृषि विकास अधिकृत वीरेन्द्र हमालको प्रेरणास्वरुप २७ वर्षअघि २०५० सालमा स्थानीयवासी यज्ञप्रसाद लामिछानेको करेसाबारीबाट शुरु भएको तरकारी खेतीले अहिले गाउँलाई नै तरकारीको नमूना गाउँका रुपमा परिचित बनाएको हो ।

स्याङ्जाको वालिङ नगरपालिका-५ पित्लेकमा रहेको जनकल्याण कृषि सहकारी संस्था स्थापना गरी यहाँका १४२ घरधुरीमध्ये ७२ घरधुरीले पूर्णरुपमा व्यावसायिक तरकारीखेती उत्पादनमा लागेका संस्थाका प्रबन्धक हुमनाथ लामिछानेले बताउनुभयो । यस गाउँका स्थानीयवासीको मुख्य आम्दानीको स्रोत नै तरकारीखेती हो । विशेष गरी गोलभेडा, बन्दा, काउली, सिमी, बोडी, अदुवालगायतका तरकारी यहाँका मुख्य उत्पादन हुन् । लामो समयदेखि तरकारी उत्पादनमा लागेका यहाँका स्थानीयवासी अनुभवी र पेशाप्रति निख्खरता देखिन्छ ।

घरमा मात्रै खान पुग्ने गरी निर्वाहमुखी तरकारी खेती गरेका यहाँका ७० वर्षीय जीतबहादुर गुरुङ २०५५ सालबाट व्यावसायिकरुपमा तरकारी खेतीको थालनी गर्नुभयो । चारजनाको परिवार रहेको उहाँको परिवारको मुख्य आम्दानीको स्रोत नै तरकारी खेती हो । "म कुनै विदेशी भूमीमा रोजगारीमा गइन, स्वदेशमै पनि अरु रोजगारीमा लागिन" कृषक गुरुङले भन्नुभयो, "मौसमी तथा बेमौसमी तरकारी खेतीमार्फत नै आम्दानी गर्दै आएका छौँ ।" गुरुङले १० रोपनी क्षेत्रफलमा गोलभेँडा, बन्दा, काउली तथा मौसमअनुसारका तरकारी खेती गर्दै आउनुभएको छ । "तरकारी उत्पादन गर्न सिक्नु पर्‍यो बजारको कुनै समस्या छैन, बिक्रेता यहीँ आएर पनि तरकारी लिएर जाने गरेका छन्" कृषक गुरुङले भन्नुभयो, "मौसमी तथा बेमौसमी तरकारी बिक्रीबाट वार्षिक रु पाँच लाखभन्दा बढी आम्दानी हुने गरेको छ ।" सोही ठाउँका ६३ वर्षीय हुमबहादुर पौडेलले पनि विगत २० वर्षदेखि व्यावसायिकरुपमा तरकारी खेती गर्दै आउनुभएको छ । आफ्नो तीन रोपनी जग्गामा तरकारी तथा १२ रोपनी जग्गा भाडामा लिएर कूल १५ रोपनी क्षेत्रफलमा गोलभेँडा, बन्दा, काउलीलगायतका मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आउनुभएको छ । शुरुमा सामान्य तालीम लिनुभएका पौडेल लामो अनुभवले खारिनुभएको छ । "तरकारी उत्पादन भएर बजार नपाएको भन्ने दुःखेसो आजसम्म छैन", पौडेलले भन्नुभयो, "उत्पादन भएका तरकारी नजिकैको वालिङ बजार तथा अन्य स्थानीय बजारमा खपत हुने गरेको छ, जाँगर हुनुपर्‍यो आम्दानीको कुनै समस्या छैन ।" पानीको अभावका कारण बाह्रैमास तरकारी लगाउन सकिने अवस्था नभएको उहाँको गुनासो छ ।

यस ठाउँका कृषकका मुख्य समस्याकोरुपमा सिँचाइ गर्ने पानीको अभाव रहेको छ । "अग्लो पहाडमा तरकारी खेती हुने गरेको छ" पौडेलले भन्नुभयो, "यहाँ किसानको मुख्य समस्या भनेकै पानीको हो, लिफ्टिङ गरिएको पानीले मान्छेका लागि खान तथा गाईबस्तुलाई खुवाउनका लागि ठिक्क छ, तरकारीमा सिँचाइ गर्न त निक्कै कठिनाइ छ ।"

यस ठाउँका व्यावसायिक कृषकले पानी अभावका कारण वर्षमा आठ/नौ महिनामात्रै तरकारी लगाउनुपर्ने बाध्यता रहेको सहकारीका प्रबन्धक लामिछानेले बताउनुभयो । "गाउँभन्दा तलबाट लिफ्टिङ गरिएको पानी पिउन तथा गाईबस्तुका लागि प्रयोग गर्ने गरिएको छ" उहाँले भन्नुभयो, "यहाँ सिँचाइका लागि आकाशको पानी सङ्कलन गर्नुपर्ने बाध्यता छ, यसले गर्दा सिँचाइका लागि पर्याप्त पानी पुगेको छैन, पानीको व्यवस्थापन गर्न सकेको खण्डमा यहाँ बाह्रैमहिना तरकारी उत्पादन गर्न सकिन्छ ।" सहकारीमा आवद्ध १४२ घरमध्ये ७२ घर परिवारले न्यूनतम वार्षिक एकसय क्वीन्टलभन्दा बढी तरकारी उत्पादन गरी बिक्रीवितरण गर्ने गरेका छन् ।

अहिले वालिङ नगरपालिकाको पहलमा पक्की सडक निर्माण गरिएसँगै तरकारीको ढुवानीमा सहज भएको छ भने बिना विद्युतीय ग्राभिटी रोपवेले पनि ढुवानीमा सहजता भएको सहकारीका प्रबन्धक लामिछानेले बताउनुभयो । यस गाउँबाट सहकारीमार्फत वार्षिक ७० मेट्रिक टनभन्दा बढी मौसमी तथा बेमौसमी तरकारी वालिङ, गल्याङ, स्याङ्जासँगै पोखरा तथा बुटबलमा खपत हुने गरेको प्रबन्धक लामिछानेको भनाइ थियो । यस गाउँमा २०७६ सालबाट गण्डकी प्रदेश सरकारले मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ घोषणा गरी तरकारी उत्पादनका क्षेत्रमा काम गरिरहेको छ ।

# जोखिम बोक्ने बाली बीमा : किसानलाई थाहै छैन

पोखरापत्र संवाददाता
बागलुङ, ११ चैत

बागलुङ नगरपालिका-३ कृषि गाउँका गङ्गा थापाले प्लास्टिक घरमा लगाउनुभएका गोलभेँडा बिरुवा धमाधम मरे । महँगो मूल्य तिरेर ल्याएको बीउबाट तयार भएका गोलभेँडाका बिरुवा मरेपछि किसान थापाले अघिल्लो याममा गोलभेँडा फलाउन सक्नुभएन ।

मरुवा रोग लागेका कारण प्लाष्टिक घर खाली हुने गरी बिरुवा मरेपछि गङ्गाले बीउ खरीद गर्दा खर्चेको मूल्यसमेत उठेन । उहाँले अर्कोपटक बिरुवा उमारेर प्लाष्टिक घरमा लगाउनुभयो । त्यो समयमा फैलिएको मरुवा रोगले उहाँको व्यावसायिक उत्पादनमा ठूलो क्षति गर्‍यो । थापाको कृषि कर्ममा भएको क्षतिपूर्ति पाउने ठाउँ भने थिएन । जैमिनी नगरपालिका-१ कुश्मीशेराका मोतीप्रसाद शर्माले पनि गोलभेँडाको खेती गर्नुहुन्छ । मुला केराउलगायतका बालीको बीउ उत्पादनसमेत गर्दै आएका शर्माको बालीमा बेलाबेलामा पर्ने असिना पानी, हिउँदको तुसारोलगायतले ठूलो क्षति पुर्‍याउने गरेको छ । व्यावसायिक रुपमा कृषिमा लाग्नुभएका उहाँलाई पनि क्षतिपूर्ति कसरी गर्ने भन्ने थाहा छैन । बागलुङ नगरपालिकाका गङ्गा थापा र जैमिनीका मोतीप्रसाद शर्मा जस्तै जिल्लाभर झण्डै ६०० साना किसानले व्यावसायिक कृषि तथा पशुपालन व्यवसायलाई अपनाएर राम्रो आम्दानी गर्ने गरेका छन् । अन्य व्यावसायिक क्षेत्रमा जस्तो कृषि क्षेत्रमा बीमा हुन्छ र क्षतिको जोखिम बीमाले उठाउँछ भन्ने जानकारी नहुँदा किसान सुविधा पाउनबाट वञ्चित छन् । कृषि क्षेत्रलाई सुरक्षित गर्ने उद्देश्यले सरकारले २०६९ माघ १ गतेदेखि कृषि बीमा लागू गरेको थियो । किसानलाई हुने क्षतिमा थोरै भए पनि मलम लगाउन सहयोगी बन्ने अपेक्षा गरिएको यो कार्यक्रमको विषयमा जानकारी नपाउदा किसानले फाइदा लिन नसकेका हुन् । "पहिला कृषि विकास कार्यालयले सामान्य जानकारी गराएको थियो, राज्यको पुनःसंरचना हुँदा कार्यालय खारेज भयो, बीमाको कुरा हरायो'', किसान मोतीप्रसाद शर्मा भन्नुहुन्छ, "प्रक्रियाको विषयमा जानकारी नहुँदा समस्यामा परियो ।"

बीमा समितिले २०७०/७१ देखि कृषि तथा पशु बीमा कार्यक्रमलाई अनिवार्य रूपमा कार्यान्वयनमा ल्याएको हो । बागलुङमा कसैले बालीको बीमा गरेको तथ्याङ्क छैन् । किसानलाई बीमा कार्यक्रममा सक्रिय सहभागी गराउने उद्देश्यले नेपाल सरकारले प्रिमियममा लाग्ने कूल रकममध्ये ७५ प्रतिशत अनुदान उपलब्ध गराउने नीति छ । गण्डकी प्रदेशमा यो कार्यक्रमलाई थप प्रभावकारी बनाउने भन्दै किसानले तिर्नुपर्ने २५ प्रतिशत प्रिमियमसमेत गण्डकी प्रदेश सरकारले व्यहोर्ने भनेको छ । ''शत प्रतिशत अनुदान किसानले पाउँछन् तर हाम्रोमा बाली बीमा गर्नेको सङ्ख्या शून्य छ'', कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले भन्नुभयो, "अब यो कार्यक्रमको प्रचार गरेर बालीको बीमा गराउने र किसानको क्षतिमा सहयोगी बन्ने वातावरण बनाउँदै छौँ ।"

बागलुङका किसानको २५ प्रतिशत प्रिमियम तिर्ने गरी गण्डकी प्रदेश सरकारले कृषि ज्ञान केन्द्रलाई रु छ लाख ५० हजार अनुदान दिएको छ । सो रकम बाली बीमा गर्ने किसान नभेटेकै कारण फ्रिज हुने अवस्था आएपछि केन्द्रले तालीम तथा अभिमुखीकरणमार्फत किसानलाई जानकारी गराउन थालेको छ । बीमा समितिले हालसम्म लागतमा आधारित तरकारी, उत्पादनमा आधारित तरकारी, उत्पादनमा आधारित बेसार खेती, उत्पादनमा आधारित अदुवाखेती, सामूहिक चैतेधान बाली, धानबाली, अलैँची खेती, उखु, धानबाली, कुखुरापालन, तरकारी खेती, आलु खेती, फलफूल खेती, पशुधन (गाई, बहर, भैँसी, राँगा, घोडा, गधा, खच्चड, चौंरीगाई, याक, नाक, भेडाबाख्रा, बोका, च्याङ्ग्रा र बङ्गुर) बीमालेख, कफी, केरा, अन्नबाली बीउ उत्पादन, अस्ट्रिच, च्याउ खेती, मौरीपालन, घाँस र माछापालनको बीमालेख तयार पारी कार्यान्वयनमा ल्याइसकेको छ ।

यस्ता क्षेत्रमा किसानले सहजै रूपमा बीमा गराउन सक्ने भट्टराई बताउनुहुन्छ । कृषि बीमा गर्न सरकारबाट करीब २० वटा कम्पनीले अनुमति लिएका छन् । यसमध्ये आफूलाई पायक पर्ने कम्पनीका अभिकर्ता वा सिधै कम्पनीको कार्यालयमा गएर कृषि तथा पशुपंक्षीसम्बन्धी व्यवसाय र लागत खर्च उल्लेख गरी फाराम भरेर बुझाउनुपर्ने कृषि ज्ञान केन्द्रका बाली विकास अधिकृत कुमार पुन बताउनुहुन्छ । आवेदन परेका फारामको आधारमा कम्पनीले पठाउने प्राविधिक टोलीले आवश्यक अध्ययन गरेर प्रतिवेदन दिएपछिसोहीप्रतिवेदनको आधारमा उक्त कम्पनीको अभिकर्ताले कृषि र पशुपक्षीसम्बन्धी बीमा गरिदिने व्यवस्था छ । यसमा नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अनुदान उपलब्ध गराउँछन् । बीमाको भुक्तानी प्रक्रिया झण्झटिलो भएकाले किसान शत प्रतिशत प्रिमियममा समेत बीमा गर्दैनन् । अर्कोतर्फ धेरै किसानलाई बीमाको विषयमा जानकारी नभएका कारण किसान अनुदान लिन नआएको ज्ञान केन्द्रले बताएको छ ।

# अभिभावकविहीन पाँच बालबालिकाको बिचल्ली

पोखरापत्र संवाददाता
पर्वत, ११ चैत

पर्वतको जलजला गाउँपालिका-२ माझफाँटमा अभिभावकविहीन पाँच बालबालिका बिचल्लीमा परेका छन् ।

स्थानीय गौराटोलमा अवस्थित समाज कल्याण आधारभूत विद्यालयमा पढ्ने चार बालिका र एक बालक आफन्तविहीन बनेका हुन् । विद्यालयको कक्षा १ मा पढ्ने आशा परियारकी आमाले दोस्रो विवाह गरेपछि घरमा बुवाले अर्की आमा ल्याएसँगै उनले उचित हेरचाह र पढ्ने वातावरण पाइनन् । आमाले साथ छाडेपछि उनले बुवाको माया पाउन सकिनन् । अहिले मामाघरमा बसेर विद्यालयमा जाने गरेकी छन् । आशाजस्तै सोही विद्यालयमा कक्षा ४ मा अध्ययनरत आस्था परियारको समस्या पनि उस्तै छ । आमा र बुवाले दोस्रो विवाह गर्दा उनी पनि अर्की आमाको निशानामा परिन् । अर्काको कोखबाट जन्मिएको सन्तानलाई आफ्नो स्वीकार गर्न नसक्दा उनी घर छाडेर आफन्तकोमा बस्न बाध्य भइन् । जलजला-२ रातढुङ्गाका विवश परियार कक्षा ४ मा अध्ययनरत छन् । विवशका बुवाको मानसिक सन्तुलन गुमेपछि आमाले दोस्रो विवाह गरिन् ।

बेनी नगरपालिका-५ पुलाचौरकी शनिशा परियारको बुवा सिकिस्त बिरामी छन् । बुवा लगातार बिरामी हुन थालेपछि आमाले दिनुपर्ने साथ र सहयोगको विकल्पमा दोस्रो विवाह रोजिन् । अहिले घरमा बुवा बिरामी छन्, खाने, बस्ने र पढ्ने वातावरण नभएपछि ठूली आमाको घरमा बसेर सोही ठाउँको विद्यालयमा जाने गरेकी छन् । विद्यालयका प्रधानाध्यापक डम्बरबहादुर घर्ती क्षेत्रीले अभिभावकविहीन पाँच बालबालिकाको अवस्था बिजोग रहेको बताउनुभयो । "उनीहरूलाई पढ्न वर्षभरि आवश्यक पर्ने साम्रगीकै अभाव छ, सबै आफन्तको घरमा बसेका छन्, आफन्तको आर्थिक अवस्था पनि निकै नाजुक छ", प्रअ घर्तीले भन्नुभयो । उहाँका अनुसार सानै उमेरमा अभिभावक गुमाएका बालबालिकालाई नियमित विद्यालय आउन समस्या हुने गरेको छ । यता वडाध्यक्ष गोविन्द खत्रीले दलित बस्तीका बालबालिकाको अवस्था नाजुक भएकाले विभिन्न माध्यमबाट सहयोग गरेको बताउनुभयो । "सिङ्गो दलित बस्तीका बालबालिकामा धेरै अभाव छ, वडाबाट सक्ने सहयोग हुन्छ", अध्यक्ष खत्रीले भन्नुभयो ।



तातोपानी कुण्डमा नुहाउनेको भीड : बेनी नगरपाकिला ४ सिँगा तातोपानीस्थित तातोपानी कुण्डमा डुबेर उपचार लिँदै बिरामी र आन्तरिक पर्यटक । यहाँ अहिले दैनिक ५०० भन्दा बढी बिरामीले डुबेर उपचार लिइरहेका छन् । तस्वीर : रासस

# सर्वसाधारणलाई जेब्राक्रसबाट हिंड्न सिकाइँदै

पोखरापत्र संवाददाता
दमौली, ११ चैत

पृथ्वीराजमार्गको तनहुँको दमौली बजारस्थित सडकखण्डमा सोमबार दिउँसो सर्वसाधारण जथाभावी बाटो काटिरहेका थिए ।

बजार क्षेत्रमा ठाउँ ठाउँमा जेब्राक्रस भएपनि जेब्राक्रस भएको ठाउँभन्दा अन्यत्रैबाट मानिस ओहोरदोहोर गरिरहेका थिए । यत्तिकैमा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक अरुण पौडेल आइपुग्नुभयो र सर्वसाधारणलाई भन्न थाल्नुभयो, "जथाभावी बाटो नकाटिनुहोला दुर्घटना हुन सक्छ, जेब्राक्रसबाट मात्रै बाटो काट्नु है ।"

प्रहरी उपरीक्षक पौडेलको आग्रहपछि सर्वसाधारण जेब्राक्रस भएको ठाउँबाट बाटो वारपार गर्न थाले । प्रहरी उपरीक्षक पौडेल, जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँका प्रमुख डोलेन्द्र हमालगायत प्रहरीले एक घण्टाभन्दा बढी सडकमै उभिएर जेब्राक्रसबाट बाटो वारपार गर्न सर्वसाधारणलाई सिकाउन थाले ।

जेब्राक्रस भएका ठाउँबाट बाटो नकाटी जथाभावी बाटो काट्दा दुर्घटनाको जोखिम बढेपछि जिल्ला प्रहरी कार्यालय तनहुँले सर्वसाधारणलाई जेब्राक्रसबाट बाटो काट्न सिकाउन शुरु गरेको छ । "सर्वसाधारणलाई सचेत गराउनका लागि यो अभियान शुरु गरेका हौँ," प्रहरी उपरीक्षक पौडेलले भन्नुभयो, "कतिपयलाई यो विषय थाहा नहुँन पनि सक्छ ।"

शहरी क्षेत्रमा पैदलयात्रीको सङ्ख्या बढी हुने र व्यवस्थित आवतजावत नहुँदा दुर्घटनाको जोखिम बढ्ने भएकाले एक हप्तासम्म सर्वसाधारणलाई सचेत गराइने पौडेलले जानकारी दिनुभयो । "दिनको दुई घण्टाभन्दा बढी यो अभियान सञ्चालन हुन्छ, यसले गर्दा बाटो काट्ने महानुभावलाई मात्रै होइन अन्य सबैलाई पनि जेब्राक्रसबाट मात्र बाटो काट्नुपर्छ भन्ने चेतना अभिवृद्धि हुन्छ," उहाँले भन्नुभयो । प्रहरी उपरीक्षक पौडेलका अनुसार यो अभियानका क्रममा जेब्राक्रसबाट सर्वसाधारणले बाटो काट्दा सवारी रोक्नुपर्छ भनेर पनि सवारी चालकलाई सिकाइनेछ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख हमालले दमौलीमा मात्र नभई अन्य शहरी क्षेत्रमा पनि यस अभियानलाई विस्तार गरिने जानकारी दिनुभयो । दमौलीमा १२ ठाउँमा जेब्राक्रसको व्यवस्था गरिएको छ भने अन्य स्थानीय तहमा पनि सम्बन्धित पालिकाको सहयोगमा जेब्राक्रसको व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

# छुट्टाछुट्टै घटनामा दुई बालकको मृत्यु

पोखरापत्र संवाददाता
बागलुङ, ११ चैत

बागलुङमा सवारी दुर्घटना र चट्याङले लागेर दुई बालकको मृत्यु भएको छ भने दुई युवा घाइते भएका छन् । जिल्लाको बडिगाड गाउँपालिका-८ मा मङ्गलबार बेलुकी चट्याङले लागेर अमरबहादुर सुनारका नौ वर्षीय छोरा सिने सुनारको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

मङ्गलबारै गलकोट नगरपालिका-६ मा पिकअप दुर्घटना हुँदा उक्त पिकअप भ्यानमा सवार एक बालकको मृत्यु भएको छ । काठमाडौँबाट आएर यात्रु झारेपछि फर्काउने क्रममा सडकबाट २० मिटर तल खस्दा पिकअपमै बसेका बालकको मृत्यु भएको हो । मृत्युहुनेमा गलकोट नगरपालिका-६ का नितु बस्नेतका सात वर्षीय छोरा निकेश बस्नेत रहेको प्रहरी नायब उपरीक्षक इकवाल हवारीले बताउनुभयो । मङ्गलबारै बडिगाड-४ मा बा२०प २८८० नंको पिकअप सडकदेखि ६० मिटर तल खस्दा चालक यामबहादुर बुढाथोकी र सहचालक सुजन गोतामे घाइते हुनुभएको छ । उहाँहरू दुवैलाई स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचारपछि पोखरा पठाइएको छ ।


प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
जिल्ला अस्पताल स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

क्याटलग सपिङ विधिद्वारा शव वाहान खरिद कार्यको लागि

(सूचना प्रकाशित मिति २०७७/१२/१२ गते)

प्रस्तुत विषयमा यस अस्पतालमा शव वहान खरिद कार्यको लागि हेभी ईक्विप्मेन्ट डिभिजन कार्यालय पोखराबाट तयार गरिएको प्राविधिक स्पेसिफिकेशन बमोजिमको इक्यूप्मेन्टहरु उल्लेख भएको एम्बुलेन्स खरिद कार्यको लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधित समेत) को नियम ३१(ख) बमोजिम उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारण दरमा (क्याटलग सपिङ) विधिबाट खरिद कार्य गरिने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र मालसामान बिक्री गर्न चाहने उत्पादन कम्पनी वा त्यसको आधिकारिक विक्रेताहरुले उत्पादनको स्पेशिफिकेसन, गुणस्तर मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी जिल्ला अस्पताल स्याङ्जामा निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।